www.XtremePapers.com

UNIVERSITY OF CAMBRIDGE INTERNATIONAL EXAMINATIONS
General Certificate of Education Ordinary Level

**NEPALI** **3202/01**

Paper 1 Composition, Translation and Comprehension **May/June 2013**

**3 hours**

Additional Materials: Answer Booklet/Paper

**READ THESE INSTRUCTIONS FIRST**

If you have been given an Answer Booklet, follow the instructions on the front cover of the Booklet.
Write your Centre number, candidate number and name on all the work you hand in.
Write in dark blue or black pen.
Do not use staples, paper clips, highlighters, glue or correction fluid.

Answer **all** questions.

At the end of the examination, fasten all your work securely together.
The number of marks is given in brackets [ ] at the end of each question or part question.

This document consists of **6** printed pages and **2** blank pages.

DC (SJF/JF) 66433/2
© UCLES 2013

UNIVERSITY *of* CAMBRIDGE
International Examinations

BLANK PAGE

© UCLES 2013 

## Section A – Composition

**1** Write in **Nepali** two compositions of about 150 words each. You may choose any two subjects from the following:

**(a)** ''आजको युगमा मान्छेले एकभन्दा बढी भाषाहरु बोल्न जान्नु पर्छ'', यसमा तपाईंको विचार राख्नुहोस् ।

"It is necessary for a person to be able to speak more than one language these days." Give your opinion.

**(b)** हालसालै तपाईंले भ्रमण गर्नु भएको कुनै ठाउँमा साथीलाई पनि घुम्न जान सिफारिस गर्दै एउटा पत्र लेख्नुहोस् ।

Write a letter to a friend recommending a place you have visited recently.

**(c)** तपाईंले हालै हेर्नुभएको कुनै चलचित्रको कथासार लेख्नुहोस् ।

Narrate the plot of a film you have seen recently.

**(d)** तपाईं आफू चढ्नुभएको बस या रेलमा मान्छेहरु खचाखच हुँदाखेरिको स्थिति र अनुभवको बारेमा बर्णन गर्नुहोस् ।

Describe your experience of being in an overcrowded bus or train.

**(e)** भर्खरै सिद्धिएको परिक्षाको बारेमा दुईजना साथीहरु आपसमा कुरा गरिरहेका छन् । उनीहरुको कुराकानीलाई एउटा संवादको रुपमा प्रस्तुत गर्नुहोस् ।

Two friends are talking about the examination which they have just finished. Present this in the form of a dialogue.

[25 x 2]

© UCLES 2013

## Section B – Translation

**2** Translate into **English**:

काठमाडौँको उत्तर-पूर्वतिर दोलखा भन्ने सानो नगर छ जुन यो जिल्लाको नाम पनि हो । यो मूख्यतया नेवारहरुले बसोबास गरेको ठाउँ हो र यहाँ रहेको भिमसेन मन्दिर नेपालभरि प्रसिद्ध छ । दोलखाका नेवारहरुको आफ्नै नेवारी भाषा छ जुन काठमाडौँ उपत्यकामा बोलिने भाषाभन्दा बिलकूल फरक छ । यो भाषा दोलखामा बाहेक अन्त कहीँ पनि बोलिँदैन । यहाँको भाषालाई छोडेर जीवनशैलीका अरु कुराहरुमा चाहिँ काठमाडौँ र अरु ठाउँका नेवारहरुसँग धेरै समानता पाइन्छ ।

चरिकोट दोलखा जिल्लाको सदरमुकाम भएकोले यहाँ धेरै सरकारी कार्यालयहरु रहेका छन् । त्यसैले यो ठाउँ धेरै व्यस्त हुन्छ । काठमाडौँदेखि चरिकोटसम्म नियमित बस सेवाको व्यवस्था छ । पहिले सडक नहुँदाखेरि काठमाडौँबाट यहाँ पुग्न तीन दिन जति लाग्थ्यो तर अहिले छ-सात घन्टामै बसबाट पुग्न सकिन्छ । चरिकोट डाँडामा भएको हुनाले यहाँबाट देखिने दृश्यहरु निकै सुन्दर छन् । मौसम सफा भएको बेलामा यहाँबाट उत्तरतिर रहेको गौरीशंकर हिमाल देखिन्छ ।

[10]

© UCLES 2013

**3** Translate into **Nepali**:

It was 10 o'clock on a summer night when I heard strange noises coming from my kitchen. I hurried there and saw two foxes, one big, one very small, eating the chicken which had been in the refrigerator. They were mother and cub. The mother was probably looking for food for her young. I did not know how they came into my house, and I was very surprised that they could open the refrigerator. I was a bit afraid because I was alone in the house, but I love animals, so I did nothing, and let them finish their meal. The foxes looked very pleased after having eaten all the chicken. I left the door of my house open thinking that the foxes would leave.

Later, I saw a stranger coming to my house just as the foxes were leaving. Meeting them at the door the stranger was very frightened and he immediately ran away. I was very grateful to the foxes, because they scared away the man who was probably a thief.

[20]

## Section C – Comprehension

Read the passage carefully, and then answer in **Nepali** the questions that follow, using your **own** words as far as possible.

प्रिय साथी गौरव,

तिमीलाई थाहै छ कि हामी बस्ने ठाउँ नेपालका दूर्गम क्षेत्रहरुमध्ये एक हो त्यसैले हाम्रो लागि यातायातको सुविधा र बिजुली अझै टाढाको कुरा भएको छ । यहाँ न टेलिफोन छ न कम्प्युटर, यहाँ त एउटा सानो हुलाक घर छ जहाँबाट चिट्ठीपत्र आउँछ र जान्छ । यसैबाट मात्र बाहिरी दुनियाँसँग सम्पर्क हुन्छ । त्यसैले म पनि तिमीकहाँ सम्म पुग्न यही हुलाकको बाटो लिएर यो चिट्ठी लेखिरहेको छु । आशा छ तिमी सकुशल छौ ।

तिमी देश छोडेर दोहामा गएको पनि तीन बर्ष बितेको विश्वास गर्न मलाई गाह्रो भइरहेको छ । मलाई थाहा छ शिक्षित भएर पनि काम नपाउँदा तिमीले विदेशतिर लाग्ने निर्णय गर्‍यौ । तिमीले त्यहाँ पनि त्यति पैसा कमाउन सकेका छैनौ रे । वास्तवमा यहाँ नोकरी या कुनै गतिलो काम पाएको भए तिमीलाई आफन्त कोही नभएको विदेशमा यसरी जोतिन जानु पर्ने थिएन । आफ्नो परिवारसंगको विछोडको व्यथालाई छातीमा राखेर पत्थर पनि पग्लिने जस्तो गर्मीमा दिनको अठार घन्टासम्म काम गर्नु पर्दा कस्तो होला, अनुमान गर्न गाह्रो छैन । यहाँका अखबारहरुमा विदेश पुगेकाहरुको दुखदायी कथा पढ्दा र सुन्दा मनमा साह्रै दुख लाग्छ । हिजो मात्रै तिम्रो बाआमालाई भेट्ने मौका पाएको थिएँ । तिम्रो खबर नपाएको धेरै भयो भन्दै वहाँहरु तिम्रो सुस्वास्थ्य र प्रगतिको लागि भगवानसँग प्रार्थना गर्दै हुनुहुन्थ्यो । वहाँहरुका ती वृद्ध अनुहारहरुमा तिम्रो वारेमा धेरै पिर गर्नु भएको स्पष्टै देख्न सकिन्थ्यो । वहाँहरुलाई पैसा होइन, तिम्रो छिटो आगमनको प्रतीक्षा छ ।

पैसा कमाउन राम्रो जागिर नै खानु पर्छ या विदेश नै जानु पर्छ भन्ने हाम्रो सोच गलत रहेछ । स्वदेशमा पनि अवसरहरु छन् । उदाहरणको लागि विदेश जाने सोचको सट्टा हाम्रो छिमेकी गाउँका केही युवाहरु बैङ्कबाट ऋण लिएर काम गरिरहेका छन् । तीमध्ये कसैले तरकारी खेती गरेर पैसा कमाएका छन् भने कोही बाख्रा पालन गरेर खसी बोकाको बिक्रीबाट पैसा कमाएर खुशी छन् । आज उनीहरुको आर्थिक स्थिति पहिलेको तुलनामा निकै माथि पुगिसकेको छ । पौरखीको लागि पैसा खोज्न विदेशमा जान नपर्ने रहेछ ।

तिमी हामी जस्तै योग्य युवाहरु सबै विदेश गए भने यो देशको हालत झन् खराब हुनेछ । विदेशमा पसिना बगाएजस्तो हामीले यहीं पसिना बगायौं भने निस्सन्देह हामी पनि बन्छौं र देश पनि बन्छ । यही विचारले म तिमीलाई स्वदेश फर्कन आग्रह गर्दछु । प्रकृतिले हामीलाई हिमाल पहाड र तराइ मिलाएर ज्यादै सुन्दर देश दिएको छ । सिर्फ यसलाई विकसित देशको रुपमा बदल्न सक्ने बलियो पाखुरा चाहिएको छ ।

तिम्रो,

सम्मान

4 नेपालमा कुनै कुनै ठाउँलाई किन दूर्गम क्षेत्र भनिएको हो ? [2]

5 गौरव कहिले र किन विदेशमा जान बाध्य भयो ? [2]

6 अहिले उसले काम गरिरहेको ठाउँमा बस्न किन गाह्रो छ ? तीनवटा कारण लेख्नुहोस् । [3]

7 सम्मानलाई के कारणले मनमा दुख लाग्छ ? [1]

8 के गौरवका बाआमा छोरा विदेशिएकोमा खुशी छन् ? उनीहरु के चाहन्छन् ? [2]

9 कस्तो सोचले युवाहरुलाई विदेशमा जान प्रेरित गरेको छ ? [2]

10 युवाहरुलाई गाउँघरमा नै उपलब्ध दुईवटा अवसरहरु उल्लेख गर्नुहोस् । [2]

11 के सम्मानलाई साथीको मात्रै चिन्ता छ ? [1]

Language and spelling [5]

**Total Marks [20]**

BLANK PAGE

Permission to reproduce items where third-party owned material protected by copyright is included has been sought and cleared where possible. Every reasonable effort has been made by the publisher (UCLES) to trace copyright holders, but if any items requiring clearance have unwittingly been included, the publisher will be pleased to make amends at the earliest possible opportunity.

University of Cambridge International Examinations is part of the Cambridge Assessment Group. Cambridge Assessment is the brand name of University of Cambridge Local Examinations Syndicate (UCLES), which is itself a department of the University of Cambridge.